# सम्भावित कार्यसूची
## बैठक संख्या : ०४-०८१/८२

मितिः २०८१/०६/१७ गते बिहीवार
समयः विहान ८:०० बजे

राक्सिराङ्ग गाउँपालिका अध्यक्षज्यूको अध्यक्षतामा बसेको राक्सिराङ्ग गाउँ कार्यपालिकाको आ.व २०८१/०८२ को चौंथो बैठकमा छलफलका सम्भावित विषयहरु ;

१. गत बैठकका निर्णयहरुको समिक्षा सम्बन्धमा ।

२. कर्मचारी पदपुर्ति सम्बन्धमा ।

३. वन, वातावरण संरक्षण तथा विपद व्यवस्थापन समितिको निर्णय अनुमोदन सम्बन्धमा ।

४. मर्मत कोषको रकम विनियोजन सम्बन्धमा ।

५. विविध रकम भुक्तानी सम्बन्धमा ।

..............................
(देब चन्द्र गर्तौला)
प्रमुख प्रशासकीय अधिकृत

नोटः.............................................................................................................................
.........................................................................................................................................
.........................................................................................................................................
....................................................................

# राक्सिराङ्ग गाउँपालिका

गाउँ कार्यपालिका, चैनपुर, मकवानपुर

बैठक संख्या ०४/०८१/८२

**मिति: २०८१/०६/१७ गते बिहीवार**
**समय: विहान ८:०० बजे**

**निर्णय नं. १:**

गत बैठकहरुबाट भए गरेका निर्णयहरुको समीक्षा गरी कार्यान्वयन हुन बाँकी निर्णयहरुलाई यथाशीघ्र कार्यान्वयन गर्ने।

**निर्णय नं. २:**

यस गाउँपालिकामा रिक्त रहेका देहायका पदहरुमा सेवा करारमा पदपुर्ति गर्ने सम्बन्धी प्रकृया नियमानुसार अगाडी बढाउन गाउँपालिकाको पदपुर्ति समितिलाई निर्देशन दिने :

| सि.नं. | पद | सेवा/समुह | तह | संख्या | कैफियत |
|---|---|---|---|---|---|
| १ | नायब पशु सेवा प्राविधिक | कृषि/ला.पो.डे.टे. | सहायक चौथो | १ | |
| २ | बहुक्षेत्रीय पोषण सहजकर्ता | | | १ | बहुक्षेत्रीय पोषण कार्यक्रम अन्तर्गत |
| ३ | कार्यालय सहयोगी | | | १ | आयुर्वेद औषधालय |

**निर्णय नं. ३:**

राक्सिराङ्ग गाउँपालिकामा डढेलो तथा मनसुनजन्य विपद्‌को कारणले भएका क्षतिको लागि राहत प्रदान गर्ने लगायत विविध विषयमा मिति २०८१/०६/०८ मा बसेको राक्सिराङ्ग गाउँपालिका वातावरण संरक्षण तथा विपद व्यवस्थापन समितिको बैठकले गरेको निर्णय अनुमोदन गर्ने ।

**निर्णय नं. ४:**

राक्सिराङ गाउँपालिकाभित्रका विभिन्न वडाहरुमा बर्षातको कारणले क्षति पुगेका सडक तथा बाटोघाटोको सरसफाई तथा मर्मत सम्भार गर्ने प्रयोजनको लागि गाउँपालिकाको आन्तरिक स्रोततर्फको मर्मत सम्भार कोषमा मौज्दात भएको रकमलाई देहायअनुसार शीर्षकमा विनियोजन गर्ने ।

सडक सरसफाई तथा मर्मत - ३०,००,०००/(तीस लाख)
मेशिन ईन्धन - २०,००,०००/(बीस लाख)
ईन्धन ढुवानी - १,००,०००/ (एक लाख)
मेशिन मर्मत तथा औजार - १०,००,०००/ (दश लाख)

निर्णय नं. ५: विविध

राक्सिराङ्ग गाउँपालिकाको चालु आर्थिक वर्षमा सञ्चालन भएका निम्न कार्यक्रमहरुको रकम भुक्तानी दिन गाउँ कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने ।

क. राष्ट्रिय परिचयपत्र दर्ता अभियान कार्यक्रमको लागि गाउँपालिका अन्तर्गतका विभिन्न वडाहरुमा शिविर सञ्चालनको क्रममा भएको खाजा/खाना तथा गाडीभाडा रकम सम्बन्धित वडा कार्यालय र शाखाबाट पेश भएको प्रतिवेदन बमोजिम विविध कार्यक्रम सञ्चालन शीर्षकबाट भुक्तानी दिन गाउँ कार्यपालिका कार्यालयलाई निर्देशन दिने ।

ख. भेट्रान्स भलिवल प्रतियोगीतामा राक्सिराङ्ग गाउँपालिकाबाट प्रतिनिधित्व गर्ने टोलिलाई प्रतियोगितामा सहभागीताको क्रममा भएको खर्च रु. ५०,००० गाउँपालिकाको आन्तरिक स्रोत तर्फको गाउँपालिका स्तरीय खेलकुद कार्यक्रम रागापा स्तर शीर्षकबाट भुक्तानी दिने ।

ग. विजयादशमी तथा शुभ दिपावली, २०८१ को सुअवसरमा सम्पूर्ण राक्सिराङ गाउँपालिकाबासीहरुमा हार्दिक शुभकामना व्यक्त गर्दै चाडपर्वको अवसरमा होहल्ला र तडकभडक नगरीकन शान्तिपूर्ण र सौहार्दपुर्वक परिवारमा भेला भई मनाउनुहुन सम्पुर्ण गाउँपालिकावासीलाई आह्वान गर्ने ।

उपरोक्त व्यहोराको पेश हुन आएको प्रस्तावहरुलाई सर्वसम्मत निर्णय गरियो ।

| | | | |
|---|---|---|---|
| ............ (सुजता दमाई) कार्यपालिका सदस्य | ............ (सजिना मुक्तान नेपाली ) कार्यपालिका सदस्य | ............ (शुशिला सुनार) कार्यपालिका सदस्य | ............ (शान्ता कुमारी अर्याल) कार्यपालिका सदस्य |
| ............ (सिङ्गलाल प्रजा) कार्यपालिका सदस्य | ............ (चन्द्रमान प्रजा) कार्यपालिका सदस्य | ............ (बाबी राम मुक्तान) वडा अध्यक्ष | ............ (बुद्ध राम मुक्तान) वडा अध्यक्ष |
| ............ (उत्तम वाइवा) वडा अध्यक्ष | ............ (संजय कोइराला) वडा अध्यक्ष | ............ (हरि बहादुर प्रजा) वडा अध्यक्ष | ............ (अकल बहादुर मोक्तान) वडा अध्यक्ष |

| | | |
|---|---|---|
| ..................................<br>(राम वहादुर प्रजा)<br>वडा अध्यक्ष | ..................................<br>(युसाई प्रजा)<br>वडा अध्यक्ष | ..................................<br>(राम कुमार वाल्वा थिङ)<br>वडा अध्यक्ष |

| | |
|---|---|
| ..................................<br>(बनस्तम थिङ)<br>उपाध्यक्ष | ..................................<br>(राजकुमार मल्ल)<br>अध्यक्ष |